# प्रेस विज्ञप्ति- २२९
# Press Release-229

लागु औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ
मिति: २०७५।०६।२२ गते।

## नियन्त्रित मनोद्दिपक पदार्थ र खैरो हेरोईन सहित ९ जना मानिस पक्राउ

- मिति २०७५/०६/२२ गते लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला नवलपरासी बर्दाघाट सुस्ता पश्चिम प्रतापपुर गा.पा. वडा नं १ बस्ने बर्ष २६ को राकेश दुसाधलाई नियन्त्रित मनोद्दिपक पदार्थ डाईजेपाम २००, फेनारगन २०० र बुप्रिनर्फिन २०० एम्पूल गरी जम्मा ६०० एम्पुल र ऐ.ऐ. बस्ने बर्ष २४ को धर्मेन्द्र यादवलाई नाईट्राजेपाम (नाईट्राभेट) १५०० ट्याब्लेट सहित का.जि.का.म.न.पा वडा नं २६ शिव मन्दिर नजिक सडक किनारबाट पक्राउ गरिएको छ।
- लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरी टोलीले मिति २०७५।०६।१६ गते अबैध लागू औषध खैरो हेरोईन २१ ग्राम सहित जिल्ला कैलाली गोदावरी न.पा. वडा नं २ बस्ने बर्ष २९ को हरिश बोगटीलाई जिल्ला कैलाली गोदावरी न.पा. वडा नं २ बाट पक्राउ गरिएको छ।
- लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय नेपालगंजबाट खटिएको प्रहरी टोलीले मिति २०७५।०६।१८ गते खैरो हेरोईन ६ ग्राम सहित जिल्ला सुर्खेत बि.न.पा. वडा नं १२ बस्ने बर्ष ३० को जिवन सोमई र ऐ.ऐ. बस्ने बर्ष २१ को निरज राईलाई नेपालगंज उ.म.न.पा. वडा नं २० राजाबाट र मिति २०७५।०६।१९ गते लागू औषध खैरो हेरोईन ५ ग्राम ५०० मिलिग्राम सहित जिल्ला बाँके बैजनाथ गा.पा. वडा नं १ बस्ने बर्ष २३ को देब बहादुर रोकाय, ऐ.ऐ. बस्ने बर्ष १४ को बिनोद चन्द र भारत बहराईच जिल्ला मौजिपुरुवा बस्ने बर्ष २६ को रज्जु अलीलाई जिल्ला बाँके नेपालगंज उ.म.न.पा वडा नं १५ जमुना चेकपोष्ट अगाडिबाट पक्राउ गरिएको छ।
- लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय भैरहवाबाट खटिएको प्रहरी टोलीले मिति २०७५।०६।१७ गते नियन्त्रित मनोद्दिपक पदार्थ डाईजेपाम ६२, फेनारगन ६२ र बुप्रिनर्फिन ६२ एम्पूल गरी जम्मा १८६ एम्पुल सहित जिल्ला चितवन कालिकानगर वडा नं. १ बस्ने बर्ष २३ को राजकुमार तामाङलाई जिल्ला रुपन्देही सि.न.पा. वडा नं १ बाट पक्राउ गरिएको छ।

निजहरु उपर थप आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध गरिएको छ।

•••



